# अपांगता भएका व्यक्तिद्वारा कोसेली घर सञ्चालन

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २८ भदौ*



विराटनगरमा अपांगता भएका व्यक्तिहरु आफैंले उत्पादन गरेका सामग्री राखेर कोशेली घर सञ्चालनमा ल्याएका छन् ।

विराटनगरको राष्ट्रिय अपाङ्ग महासंघको कार्यालय छेउमा सञ्चालन भएको कोसेली घरको सोमबार उद्घाटन भएको छ।

प्रदेश १ सरकारका सामाजिक विकासमन्त्री बलबहादुर साम्सोहाङले कोशेली घरको उद्घाटन गरे। अपाङ्ग महासंघ प्रदेश १ का अध्यक्ष पार्वता श्रेष्ठका अनुसार प्रदेशका १४ वटै जिल्लाका अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका सामग्रीहरु कोशेली घरमा राखिएको छ। अपांगता भएका व्यक्तिहरुले स्वरोजगार बन्नको लागि उत्पादन गरेको सामग्री बिक्री वितरणमा समस्या भइरहेकोले त्यसको समाधान कोशेली घरले गरेको उनको भनाइ छ।

कार्यक्रममा सामाजिक तथा विकासमन्त्री साम्सोङले अपाङ्गता भएका व्यक्तिलाई दक्ष बनाउन तालिम सञ्चालन गर्न प्रदेश सरकारले बजेट व्यवस्था गर्ने बताए। उनले अपांगता भएका भएका व्यक्तिले उत्पादन गरेका सामानको बजारीकरण गर्न पनि सहयोग गर्न बताएका छन् ।

शारिरिक अपांगता भएका व्यक्ति दिनेश कोइरालाले अपाङ्ग भएपनि आत्मनिर्भर भएको बताउँदै आफूहरुले उत्पादन गरेको सामग्री बिक्रीको लागि कोशेली घर सञ्चालन भएकोमा खुशी व्यक्त गरे । उनका अनुसार यस्ता सामग्री बनाएर आफ्नो खर्चको लागि घरपरिवारसँग माग्नु परेको छैन ।

आफूले उत्पादन गरेको सामान कसरी बेच्ने भन्ने चिन्ता भएको बेला कोशेली घर सञ्चालन भएपछि ढुक्क भएको उनले बताएको छन् । कोशेली घरमा अपांगता भएका व्यक्तिहरुले उत्पादन गरेको घरायसी सामानहरु, सजावटका सामान, कपडा, फिनेल, अगरबत्तीलगायत राखिएको छ।

*(स्मृति तिम्सिना, प्रशिक्षार्थी)*

# प्रदेश १ मा ३६६ संक्रमित थपिए

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २८ भदौ*

प्रदेश १ मा पछिल्लो २४ घण्टामा थप ३६६ जनामा कोरोना संक्रमण देखिएको छ। ९९२ जनाको पीसीआर परीक्षण गर्दा २५९ र ६१७ जनाको एन्टिजेन परीक्षण गर्दा १०७ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा मोरङमा ११०, सुनसरीमा ८१, झापामा ५७, धनकुटामा ५, उदयपुर, संखुवासभा र इलाममा १-१ र प्रदेश १ बाहिरका ३ जनामा संक्रमण देखिएको हो।

मोरङको विराटनगरमा ७४, बेलबारीमा ११, बुढीगंगामा ७, सुन्दरहरैचामा ६, कटहरी र उर्लाबारीमा ३-३, पथरीशनिश्चरे र धनपालथानमा २-२, रतुवामाई र मिक्लाजुङमा १-१, सुनसरीको इटहरीमा ५०, धरानमा १७, रामधुनीमा ७, इनरुवामा ४, बराहक्षेत्र, देवानगञ्ज र दुहवीमा १-१ जनामा संक्रमण देखिएको छ। यस्तै, झापाको दमकमा १६, भद्रपुरमा १३, विर्तामोडमा ७, शिवसताक्षी र कमल गाउँपालिकामा ५-५, हल्दिबारी र मेचीनगरमा ३-३, गौरीगञ्जमा २, गौरादह, अर्जुनधारा र स्थानीय तह नखुलेका १-१, धनकुटाको धनकुटा नगरपालिकामा ५, उदयपुरको चौदण्डीगढी, संखुवासभाको पाँचखपन र इलामको चुलाचुलीमा १-१ र प्रदेश १ बाहिरका ३ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ।

प्रदेश १ मा सोमबार ४१२ जना कोरोना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा २०९ महिला र २०३ पुरुष रहेका छन् । पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट ५ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४ महिला र १ पुरुष रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

## सर्ट कमेन्ट

# देउवा पराजयको काउन्ट डाउन सुरु भएकै हो ?



■ अनन्तराज न्यौपाने

**देउवाका यस्तै अलोकतान्त्रिक कदमहरूले के सङ्केत गरिरहेको छ भने उनको राजनीतिक पतन छिट्टै र अवश्यम्भावी छ । जुन नेता जनताका आडमा नभई मनी, मसल र पावरका आधारमा टिकेको हुन्छ उसलाई कसैले हराइरहनु पर्दैन । ऊ आफ्नै दुष्कर्मले हारिरहेको हुन्छ ।**

नेपाली राजनीतिक आकाशका उज्ज्वल नक्षत्र वीपी कोइरालाको जन्मजयन्ती भर्खरै सकिएको छ। नेपाली काङ्ग्रेसले कर्मकाण्डी रूपमा भएपनि यस पटकको भदौ २४ लाई त्यति महत्त्व दिएन । यसको मुख्य नेतृत्व गर्नुपर्ने स्वयं पार्टी सभापति र अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवाले हो । तर, एमसीसी समस्या सुल्झाउन नेपाल आएका दुई अमेरिकी व्यक्तित्वका अगाडि देउवाले आफ्ना राजनैतिक गुरुलाई चटक्क बिर्सिए । नेपाली काङ्ग्रेसले देशभरिमा कुनै राम्रो कार्यक्रम गरेको र वीपी विचारलाई प्रवाह गरेको खबर पढ्न यसपटक पाइएन । बरु अभिनयका कृत्रिम शैलीमा प्रस्तुत हुने उनका प्रवक्ता विश्वप्रकाश शर्माले सुन्दरीजल गएर वीपीलाई सम्झने प्रयत्न गरे । त्यसो त, शर्मा पनि वीपीलाई सम्झनेभन्दा आफ्नो उम्मेदवारी घोषणालाई बढी प्राथमिकतामा राखेर सुन्दरीजल गएको प्रतीत हुन्थ्यो ।

बीपी कोइरालाको निधन भएलगत्तै काठमाडौंमा भारतीय नेताहरूको ओइरो लागेको थियो । त्यसबेलासम्म भारतका उच्च स्तरका नेताहरू कि त वीपीका समकालीन थिए वा वीपीले तिमी भनेर सम्बोधन गर्ने हैसियतका थिए । वीपी आफैँ भारतीय स्वतन्त्रता सङ्ग्राममा लागेका थिए र नेहरु, जयप्रकाश, राममनोहर र डा.राजेन्द्रप्रसाद जस्ता वरिष्ठका घनिष्ठ मित्र थिए । वीपीलाई गुरु मान्ने भारतका समाजवादी नेता एवम् पत्रकार जर्ज फर्नान्डिज पनि वीपीका शवयात्रामा आएका एक नेता थिए ।

शवयात्राको भोलिपल्टै भएको शोकशभामा नेता फर्नान्डिजले नेपाली काङ्ग्रेसका नेताहरूलाई सान्त्वना दिँदै भनेका थिए, 'वीपी भनेको व्यक्ति होइन विचार हो र यो विचार रक्तवीजका रूपमा छ । त्यसैले आज एउटा वीपीको निधन भएर केही फरक पर्दैन । रक्तवीजको यो शोकबाट लाखौं वीपीहरू नेपालमा जन्मने छन् र नेपालमा प्रजातन्त्रको पुनःस्थापना गर्नेछन् ।'

नभन्दै वीपीको निधन भएपछि पनि नेपालमा सङ्घर्षको क्रम रोकिएन । नेपाली काङ्ग्रेसले लगत्तै २०४१ सालमा विन्तीपत्रको आन्दोलन र २०४२ मा सत्याग्रहको कार्यक्रम चलायो । २०४६ सालसम्म आइपुग्दा फर्नान्डिजको भविष्यवाणी र शुभकामनाले मूर्त रूप पाइसकेको थियो । संयुक्त जनआन्दोलनले प्रजातन्त्रको पुनःस्थापना गरी छाड्यो ।


तर, नेपाली काङ्ग्रेसमा २०४६ पछि वीपी विचार सेलाउँदै गयो । मरेका बाउको वार्षिक एकोद्दिष्ट श्राद्ध र पितृ पक्षमा महालय श्राद्ध गरी वर्षमा २ पटक सम्झेजस्तो वीपीलाई पनि वर्षमा २ पटक सम्झने औपचारिकता पूरा गर्न थालियो । समग्रमा नेपाली काङ्ग्रेसले वीपी विचार पोलेर खायो ।

अहिले नेपाली काङ्ग्रेस १४ औं महाधिवेशनका सङ्घारमा छ । यही परिप्रेक्ष्यमा जिल्ला-जिल्लाका वडा र पालिकामा चुनावको लहर छ। यसक्रममा पार्टी सभापति एवम् प्रधानमन्त्री देउवाको जिल्ला डडेल्धुरामा जुन शैली र रवैया अपनाइएको छ, त्यसले काङ्ग्रेसको परम्परा, मर्यादा र पहिचानको धज्जी उडाएको छ। सभापति देउवाले नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई परिचालन गरेर एकलौटी रूपमा डडेलधुराका पालिकाका वडा-वडामा पार्टीको आन्तरिक निर्वाचन गराएका छन् । चालीसौँ वर्षदेखि वीपी विचार बोकेर नेपाली काङ्ग्रेसमा लागेको भुइँ कार्यकर्ता आज देउवाका प्रहरीको लठ्ठी खाएर लज्जित हुन विवश छ। पञ्चायतकालका अन्तिम दिनमा जनकपुरमा हेमबहादुर मल्ल, मोरङमा बद्री मण्डल, हेटौंडामा कमल थापा र भैरहवामा निरञ्जन थापाजस्ता नेता यस्तै कुरूप ताण्डव प्रस्तुत गर्थे । यसको अभिभावकत्व त्यस बेलाका भूमिगत गिरोह मानिने ज्ञानेन्द्र, धीरेन्द्र र शरदचन्द्र शाहले लिएका हुन्थे । आज तिनै शरद्चन्द्र शाहका ठाउँमा शेरबहादुर छन् र सरकारी संयन्त्र तथा सुरक्षाकर्मीलाई दुरूपयोग गरेर आफ्ना पक्षमा चुनावी परिणाम घोषणा गराइरहेका छन् । यसरी देउवाले बीपी विचारलाई सिधै डस्टबिनमा मिल्काएका छन् ।

२०३७ को जनमत सङ्ग्रह र यसको परिणामलाई स्वीकार गर्नु वीपी कोइरालाको प्रजातान्त्रिक चरित्र र मर्यादाको उत्कर्ष स्वरूप थियो । वीपीले जनमतको परिणामलाई अप्रत्यासित, व्याख्या गर्न नसकिने र बुझ्न नसकिने भएपनि यसलाई स्वीकार गर्छु भन्ने वक्तव्य निकालेका थिए। त्यस्ता महान् नेताबाट दीक्षित देउवा पार्टीको आन्तरिक निर्वाचनको परिणाम आफ्ना पक्षमा पार्न प्रहरी र सेना परिचालन गरिहेका छन् भने योभन्दा ठूलो विडम्बना अर्को के हुनसक्छ ?

देउवाका यस्तै अलोकतान्त्रिक कदमहरूले के सङ्केत गरिरहेको छ भने उनको राजनीतिक पतन छिट्टै र अवश्यम्भावी छ । जुन नेता जनताका आडमा नभई मनी, मसल र पावरका आधारमा टिकेको हुन्छ उसलाई कसैले हराइरहनु पर्दैन । ऊ आफ्नै दुष्कर्मले हारिरहेको हुन्छ । यसै भएर नै देउवालाई कुनैबेला साथ दिने विमलेन्द्र निधि, प्रकाशमान सिंह, गोपालमान श्रेष्ठदेखि विश्वप्रकाश शर्माहरूले छाडिसकेका छन् । देउवाको गैरकाङ्ग्रेसी बोलीवचन, शैली र कार्यकलापले काङ्ग्रेस परम्परामा हुर्किएका नेतालाई त्यहाँभित्र टिक्न गाह्रो र असजिलो भइरहेको छ। आज देउवा मुलुक र पार्टीको उपल्लो पदमा भएर पनि त्यसैले एक्लिएका छन् र पार्टीभित्र उनको पराजयको काउन्ट डाउन सुरु भइसकेको छ ।

# चार महिनापछि हलेसी खुल्ला



◆ हाम्रोमत संवाददाता

*खोटाङ, २८ भदौ*

कोभिड १९ को दोस्रो लहरले चार महिनादेखि बन्द रहेको खोटाङको हलेसी मन्दिर खुला भएको छ।

जिल्लामा कोभिड १९ को संक्रमण दर घट्दै गएको तथा संक्रमण दर न्यून रहेको भन्दै प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्मा नेतृत्वको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) को बैठकले सोमबार बिहान हलेसी खुला गर्दै पूजाआजा सुरु गरिएको हो।

कोरोना संक्रमण बढेपछि १५ वैशाखदेखि हलेसी मन्दिरसँगै गुफा बन्द गरिएको थियो। कोभिड सम्बन्धी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर पूजाआजा गर्न मिल्नेगरी मन्दिर खुला गरिएको हलेसी महादेवस्थान विकास समितिका कार्यकारी निर्देशक सम्बरबहादुर भुजेलले बताए।

हलेसी महादेव मन्दिरमा भीडभाड हुन नदिन र दर्शनार्थीलाई दर्शन गर्ने उपयुक्त व्यवस्थापनमा हलेसी मन्दिर व्यवस्थापन समिति, हलेसी महादेवस्थान विकास समिति र नगरपालिकाले सहकार्य गर्नेछन्।

# लागूऔषधसहित चार पक्राउ



◆ हाम्रोमत संवाददाता

*विराटनगर, २८ भदौ*

सुनसरीको कोशी गाउँपालिका र झापाको भद्रपुरबाट अबैध लागुऔषधसहित चार जना पक्राउ परेका छन्।

कोशी गाउँपालिका ८ कोशी कटानबाट प्रहरीले लागूऔषधसहित ३ जनालाई पक्राउ गरेको छ। सप्तरीको हनुमाननगर कंकालनी ७ का २१ वर्षीय सुरज ठाकुर, भारतको सुपौल भगवानपुर पञ्चायत सम्दाहा गडी १२ का २२ वर्षीय अवधेषकुमर मण्डल र २५ वर्षीय रोशन मण्डल पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई लागूऔषध डाईलेक्स डीसी ६० बोतल, स्पास्मोप्रोक्सिभन १००८ क्याप्सुल र भारतीय नगद २० हजार रुपैयाँसहित पक्राउ गरेको हो। पक्राउ परेका तीनै जनाउपर लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिमको कारवाही अगाडि बढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

उता झापाको भद्रपुर नगरपालिका ८ बाट प्रहरीले लागूऔषध ब्राउनसुगरसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सोही स्थानका २२ वर्षीय सुमन तामाङ रहेका छन्।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण ब्यूरो काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले उनलाई ब्राउनसुगर १५ ग्राम ७०० मिलिग्रामसहित पक्राउ गरेको हो। पक्राउ परेका तामाङलाई जिल्ला प्रहरी कार्यालय झापाले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# मोटरसाइकल-बस दुर्घटनामा एकको मृत्यु

धनकुटा, २८ भदौ (हाम्रोमत)- धनकुटाको साँगुरीगढी गाउँपालिका ६ मालबासेस्थित कोशी राजमार्गमा सवारी दुर्घटनाबाट एक जनाको मृत्यु भएको छ।

शहिदभूमि गाउँपालिका ४ का ३६ वर्षीय गणेशमान राईको दुर्घटनामा मृत्यु भएको हो।

संखुवासभाबाट धरानतर्फ आउँदै गरेको को १ ख ४८८९ नम्बरको बसलाई को१९प ९४२८ नम्बरको मोटरसाईकलले ओभरटेक गर्ने क्रममा ठक्कर दिएर दुर्घटना भएको हो। दुर्घटनामा घाइते भएका भएका मोटरसाईकल पछाडी सवार गणेशमानको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको हो।

मोटरसाईकल चालक ईलामको चुलाचुली गाउँपालिका ६ का ३३ वर्षीय रत्नकुमार राई पनि घाइते भएकोमा उपचार भइरहेको छ। बस र बस चालक सुनसरी धरान १३ का ५८ वर्षीय कृष्णबहादुर पाखिन ईलाका प्रहरी कार्यालय भेडेटारको नियन्त्रणमा छन्।




# धूलोको विरुद्ध सडक बन्द

◆ हाम्रोमत संवाददाता

*विर्तामोड, २८ भदौ*



झापाको चन्द्रगढीका स्थानीय र व्यवसायीले तीन घण्टा मुख्य सडक बन्द गरेका छन् । ठेकेदारले समयसम्म कालोपत्रे नगर्दा सडकबाट आएको धूलोले पीडित भएको भन्दै स्थानीय र व्यवसायीले सोमबार बिहान सडक बन्द गरेका हुन् ।

मेची राजमार्गको चारआली-केचना सडक खण्डअन्तर्गत कृषि विकास बैंक अगाडिदेखि ट्रेड युनियन चोकसम्मको करिब ३०० मिटर सडकमा डोरी लगाएर स्थानीयले बन्द गरेका थिए।

सदरमुकाम जोड्ने मुख्य सडक बन्द हुँदा सवारीसाधन अवरुद्ध भएको थियो। पीडितले मुख्य सडक बन्द गराएपछि जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सडक खुलाउन सहजीकरण गरेको डिएसपी राकेश थापाले बताए।

भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठको रोहबरमा निर्माण कम्पनीका प्रतिनिधि मेघराज भट्टराई र पीडित स्थानीयबीच सहमति भएको छ। सडकको निर्माण मंगलबारदेखि सुरु गर्ने र सहमतिअनुसार काम नभए फेरि सडक बन्द गर्ने भएको स्थानीय नवराज घिमिरेले जानकारी दिए।

चारआलीदेखि केचनासम्मको ४० किलोमिटर कालोपत्रे सडक निर्माण कार्यअन्तर्गत २० किलोमिटर सडक निर्माणको ठेक्का कालिका, कनकाई र याकथुमहाङ जेभीले २०७३ असोज १७ गते ३० महिनामा काम सक्ने गरी लिएको हो । सम्झौताको अवधि सकिएपनि निर्माण कम्पनीले म्याद थपेर अहिले पनि ठाउँ-ठाउँमा कालोपत्रे गरिरहेको हुलाकी राजमार्ग आयोजना क्षेत्रीय कार्यालय इटहरीले बताएको छ।

भद्रपुरको सदरमाथाचोकदेखि संगमचोक, भानुनगर हुँदै गिरी चोकसम्म कालोपत्रे गर्ने काम बाँकी छ।

पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । कार्यवाहक अध्यक्ष: प्रभात घिमिरे प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ। फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com, janabidrohadaily@gmail.com, मुद्रक: पिजिएस ग्राफिक्स, विराटनगर